# नेपाली

जम्मा: ३घण्टा /हप्ता
लेक्चर: ३घण्टा /हप्ता
ट्टोरियल: ०घण्टा /हप्ता
प्राक्टिकल: ०घण्टा /हप्ता
ल्याव: ०घण्टा /हप्ता

**पाठ विवरण**

यो पाठ्यांश प्रवीणता प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि नेपाली भाषाको व्याकरणात्मक ज्ञान र सुझको विकासका साथै पठनबोध र अभिव्यक्ति क्षमताको विकास गर्ने दृष्टिले राखिएको हो । यसलाई मुख्यत: दुई खण्डमा बांडिएको छ: व्याकरण खण्ड र बोध ( अभिव्यक्ति) खण्ड । व्याकरण अन्तरगत वर्ण, वर्णविन्यास, शब्दवर्ग, रुपायन, शब्द निर्माण र वाक्यसम्बन्धी पाठ्यवस्तुहरु राखिएका छन् भने बोध (अभिव्यक्ति अन्तरगत सामान्यबोध र प्रयोजनपरक बोधका साथै अभिव्यक्ति रचनाका लागि अपेक्षित सीपहरु र समीक्षाका लागि साहित्यिक विधाका पाठहरु समाविष्ट छन् ।

**पाठ्यांशको उद्देश्य:**

यो पाठ्यांश पूरा गरेपछि विद्यार्थीहरु निम्नलिखित कुरामा सक्षम हुनेछन् :

- कथ्यभाषा र लेख्यभाषाका बीचको भिन्नता पहिल्याउन ।
- अभिव्यक्तिमा प्रयोग हुने शब्दहरूको उपयुक्त वर्णविन्यास लेख्न ।
- शब्दहरुको वर्ग-पहिचान गर्न, रुपायन गर्न र निर्माण गर्न ।
- वाक्यतत्व र वाक्यान्तरणका कडीहरु बुझेर आफ्ना अभिव्यक्तिमा तिनको उपयुक्त प्रयोग गर्न ।
- खास वाक्यतत्वसंग सम्बद्ध ढांचा र सन्दर्भका आधारमा अनुच्छेद रचना गर्न ।
- स्तर अनुरुप पाठ्यसामग्रीमा प्रयुक्त शब्दहरुका आधारमा शब्दभण्डारको विस्तार गर्न ।
- बोध र संक्षेपीकरणका पाठ्यसामग्रीमा प्रयुक्त शब्दहरुका आधारमा शब्दभण्डारको विस्तार गर्न ।
- ज्ञान-विज्ञानका विभिन्न शीर्षकहरुमा स्वतन्त्र रुपमा अनुच्छेद र निबन्ध रचना गर्न ।
- तोकिएका आधारमा साहित्यिक कृतिहरुको समीक्षा गर्न ।

**एकाई१. वर्ण र वर्णविन्यास :** १० घण्टा

(क) <u>उच्चार्य वर्णहरुको परिचय</u> :

स्वर र व्यञ्जन वर्णहरु
देवनागरी लिपि र उच्चार्य नेपाली वर्णहरू

नेपाली अक्षरहरुको संरचना

(ख) वर्ण विन्यास :

कथ्य र लेख्य नेपाली भाषामा भिन्नता

ह्रस्व-दीर्घ (इ, उ), स/श/ष, ब/व, व/ओ, य/ए, ऋ/रि, क्ष/छे, क्ष्य/छ्य, शिरविन्दु र चन्द्रविन्दु, हलन्त, पदयोग र पदवियोग तथा लेख्य चिन्ह सम्बन्धी अशुद्धि संशोधन अभ्यास

**एकाई २. शब्दभण्डार : २० घण्टा**

**शब्दवर्ग, शब्दरुपायन र शब्द निर्माण**

- स्रोतका आधारमा शब्दहरुको परिचय, पहिचान र प्रकार
- ब्युत्पादनका आधारमा शब्दहरुको परिचय, पहिचान र प्रकार
- शब्दवर्ग-नाम, सर्वनाम विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिवोधक र निपातहरुको पहिचान- अभ्यास
- शब्दरुपायन-नाम, सर्वनाम र विशेषणको लिङ्ग, वचन, आदर, कारकका आधारमा तथा क्रियापदको लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य र अकरणका आधारमा शब्दरुपायनको अभ्यास।
- शब्द निर्माण अभ्यास
- निम्नलिखित उपसर्गहरुद्वारा शब्दनिर्माणको अभ्यास
  प्र, अप, सम्, अनु, वि, अधि, उत्, प्रति, परि, उप, सु, नि, निर, दुर्, अ, अन, कु ।
- निम्नलिखित कृत् प्रत्ययद्वारा शब्दनिर्माणको अभ्यास :
  आइ, ओट, ओ, आउ, आहा, अक्कड, उवा, इलो ।
  अक, अन ई इत, य, तव्य ।
- निम्नलिखित तद्धित प्रत्ययहरुद्वारा शब्दनिर्माणको अभ्यास :
  आइ, आली, इया, इलो, ई, ए, एली, ली, ले ।
  इक, ई, ईय, इत, ता, त्व, मान, वान, आलु ।
- समस्त शब्दहरुको पहिचान र तत्पुरुष, कर्मधारण, द्विगू, द्वन्द्व, अव्ययीभाव, र वहूब्रीहिको प्रक्रियाबाट समस्त शब्दहरुको निर्माण गर्ने अभ्यास

**एकाई ३. बाक्यतत्व, वाक्यान्तरण २० घण्टा**

(क) वाक्यत्तत्व: उद्देश्य र विधेयको पहिचान

- क्रिया र यसका प्रकार
- वाक्यका प्रकार : सरल र जटिल वाक्यको पहिचान
- वाक्य संश्लेषण र विश्लेषण
- लिङ्ग, वचन, पुरुष र आदरका आधारमा कर्ता र क्रियापदका बीचको सङ्गति सम्बन्धी अभ्यास
- विशेष्य-विशेषण र नाम-सर्वनामको बीचको सङ्गति सम्बन्धी अभ्यास
- विभक्ति-नियम तथा ले, लाई, देखि, बाट, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी, मा आदि विभक्ति प्रयोगको अभ्यास
- सरल र तिर्यक् विभक्तिनियमको अभ्यास

(ख) वाक्यान्तरण :

- विभिन्न काल, पक्ष, भाव, अकरण, वाच्य, प्रेरणार्थक आदिमा वाक्यान्तरण गर्ने अभ्यास

**एकाई ४. बोध र शब्दभण्डार** **१० घण्टा**

- चिकित्सा विज्ञानसम्बन्धी गद्यांशको बोध र शब्दभण्डारको अभ्यास
- चिकित्सा, शल्य चिकित्सा तथा स्वास्थ्य विज्ञान सम्बन्धी प्राविधिक शब्दहरुको ज्ञान अभ्यास (अर्थ लेख्ने र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने)

इन्द्रलुप्त, उत्क्लेस, ज्वर, पाण्डुरोग, प्रमेह, मधुमेह, पित्तदोस, प्रदर (१. रक्तपदर, २. स्वेतप्रदर) क्षयरोग, नशच्छेदन, रक्तचाप, उच्च रक्तचाप, न्यून रक्तचाप, गर्भपात/पतन, हृदयरोग, पाचनक्रिया, पित्तविकार, रक्तविकार, चिकित्सा, निदान, परिचारिका, प्रसववेदना, प्रसुति, औषधालय, चिरफार, बहिरंग, हिक्का, हरिताल पार्नु, हरिनाश, हियो उठ्नु, वातज्वर, सिफर पल्टिनु, सिङ्गारु, सेपाउनु, सप्को गर्नु, सन्निपात, सभिपात, शल्य चिकित्सा, शूल, शल्योपचार, मासु फरफराउनु, माथा विग्रनु, माटे, माई, भूंग्रेज्वरो, बेर्नु निस्कनु, बालतोड, बाथ, बान लाग्नू, बाउंडिनु, बहलाग्नु, बमन, विरेचन, फुस्रिनु, फुलो पर्नु, फाकफुक, पौंठा बस्नु, पेट बटारिनु, पेट काट्नु, पेट पोल्नु, पिनाश, पाछ्नु, निसलोठ, धम्की, दोख, दमै खटिरो, दम, डकार्नु, ठेउला, झुसिलो डकार आउनु, झिजो मान्नु, झाडा, जिरिङ्ग गर्नु, जल गडा, जनै खटिरा, जगाउनु, छोप्नु, छेर्नु, चिलचिलाउनु, चिप्रा बस्नु, चस्का पर्नु, घमौरा, गला लाग्नु, गलगण्ड, गलफुलो (हांडे), गोला चल्नु, गानो चल्नु, खरापानी लाग्नु, कण्डु, कुण्ठ, कोर, कोख, कैंठिनु, कुंजो, कांसो लाग्नु, कास, काम्नु, कामज्वर, कांडो, कांध लाग्नु, काई लाग्नु, कब्जियत, औसनी लाग्नु, औडाहा चल्नु, ओछ्यान पर्नु, ओखत मुलो, ओइलाउनु, ऐंठन, उभर्को लाग्नु, उदररोग, उपर्तली, उकुच पल्टनु, अर्बुद, अजीर्ण, अपस्मार, आन्द्रा बटार्नु, आंत, आंठी गांठी, आंठे, आङ् चल्नु, आक्तो, आउं, अरुची, अम्मल, अमल पित्त, अमन हुनु, अग्नी जाग्नु, अतिसार, अंधो खटिरा, स्वेदन ।

**एकाई ५. संक्षेपीकरण :** ४ घण्टा

- बुंदा टिपोट गरी संक्षेपीकरण गर्ने अभ्यास
- अनुच्छेद, पत्र, निवेदन, विज्ञापन, तमसुक, बैठक निर्णय र प्रतिवेदन लेखन
- ज्ञान विज्ञान र प्रविधिसंग सम्बन्धित विभिन्न विषय शीर्षकमा अनुच्छेद लेख्ने अभ्यास
- प्रश्नावली तयार गर्ने
- टिप्पणी तथा प्रतिवेदन तयार गर्ने

**एकाई ६.निबन्ध लेखन :** ८ घण्टा

- निवन्ध योजना र सोसंग सम्बन्धित बुंदा अनुरुप अनुच्छेद गठनको अभ्यास
- वस्तुपरक र भावपरक निवन्ध लेखनको अभ्यास

**एकाई ७ कृति समीक्षा :** ३३ घण्टा

- विषयवस्तु, कथानक, पात्र, परिवेश, सन्देश, शीर्षक र भाषा शैलीका आधारमा निम्नलिखित रचनाहरुको समीक्षात्मक अभ्यास

**कथा :**

गुरु प्रसाद मैनाली छिमेकी

| | |
|---|---|
| विश्वेश्वरप्रसाद कोइराला | सिपाही |
| इन्द्रबहादुर राई | रातभरि हुरी चल्यो |
| रमेश विकल | मधुमालतीको कथा |

**निबन्ध :**

| | |
|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | पहाडी जीवन |
| सुधा त्रिपाठी | संस्कृतिको नयां यात्रा |
| भैरव अर्याल | महापुरुषको संगत |

**कविता :**

| | |
|---|---|
| लेखनाथ पौडेल | नैतिक दृष्टान्त |
| पारिजात | मानुषी |
| गोपाल प्रसाद रिमाल | आमाको सपना |
| माधव प्रसाद घिमिरे | नेपालै नरहे |

**नाटक :**

| | |
|---|---|
| विजय मल्ल | बहुला काजीको सपना |


**सहायक पुस्तकहरु (सम्बद्ध अंश मात्र) :**

- मोहनराज शर्मा, शब्दरचना र वर्ण(विन्यास वाक्यत्तत्व र अभिव्यक्ति, काठमाण्डौ बुक सेन्टर, काठमाण्डौ ।
- चित्र कुमार गुरुङ्ग एम्.एस्सी.र केदार न्यौपाने एम्.ए., प्राविधिक शब्दार्थावली (चिकित्सा तथा विज्ञान खण्ड), त्रिभुवन विश्वविद्यालय, चिकित्सा शाश्त्र अध्ययन संस्थान, अनुसन्धान शाखा, महाराजगंज, काठमाण्डौ ।
- हेमाङ्गराज अधिकारी, समसामयिक नेपाली व्याकरण, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौ ।
- त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, अनिवार्य नेपाली शिक्षण निर्देशन, काठमाण्डौ ।
- लालानाथ सुवेदी र डा.हरि प्रसाद पराजुली, नेपाली वर्णविन्यास, साझा प्रकाशन, ललितपुर ।
- लालानाथ सुवेदी, अनिवार्य नेपाली अभ्यास पुस्तिका, टङ्कित सामग्री ।
- गोरखापत्र, कान्तिपुर आदि पत्रिकाका सम्पादकीय, टिप्पणी र लेखहरु ।


### अन्तिम लिखित परीक्षा मुल्याकन योजना

| **एकाई** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| **एकाई घण्टा** | १० | २० | २० | १० | ४ | ८ | ३३ | १०५ |
| **अंकभार** | ८ | १५ | १५ | ८ | ३ | ६ | २५ | ८० |